# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ पुस २५ गते

## न्याय सम्पादन कार्यमा अवरोध नगर

दैलेखमा कार्यरत पत्रकार डेकेन्द्र थापाको हत्याका अभियुक्तहरूको बयानलगयातका अनुसन्धान र न्याय सम्पादन प्रक्रिया रोकिएको भन्नेबारे आमसञ्चार माध्यममा आएका समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ ।

पत्रकार डेकेन्द्र थापाको हत्या सम्बन्धमा २०६४ साल साउन २१ गते आयोगमा उजुरी परेको थियो । आयोगको पहलमा निजको शवोत्खनन गरी शवको पहिचान गरिएको थियो र थप अनुसन्धान प्रक्रिया अघि बढाइएको थियो ।

हत्यामा नेकपा माओवादीका कार्यकर्ताहरू जिम्मेवार रहेको उल्लेख गर्दै पीडितका परिवारजनलाई राहत, क्षतिपूर्ति र परिपूरणको व्यवस्था गर्न र पीडकलाई कानुनी कारबाही गर्न आयोगले २०६५ साल साउन ६ गते नेपाल सरकारलाई सिफारिश गरेको थियो । आयोग नेपाल सरकारलाई यो कुरा पुनः स्मरण गराउन चाहन्छ ।

हाल न्याय सम्पादन कार्यका भइरहेको ~~भइरहेको~~ अवरोध न्यायसंगत र कानुनसम्मत नभएकोले यसप्रति गम्भीर बन्न सरोकारवाला पक्षहरूसँग आग्रह गर्दछ ।

अनुसन्धान र तहकिकात कार्यलाई निर्वाध रूपमा अघि बढाउने कार्यमा सहयोग गर्न, आयोगको सिफारिश तत्काल कार्यान्वयन गर्न र प्रेस स्वतन्त्रताको सम्मान गर्न आयोग सरोकारवाला पक्षहरूसँग आग्रह गर्दछ ।

..............
(विशाल खनाल)
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org